नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र संख्या:-२०७६/०७७
चलानी नं.:- 202

मिति:-२०७६/०८/२२

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

श्री जिल्ला समन्वय समिति (सबै),
श्री महानगरपालिका (सबै),
श्री उप-महानगरपालिका (सबै),
श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै) ।

विषय: जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा सर्वोच्च अदालतको च.नं. ७५८, मिति २०७६/०८/१८ को उत्प्रेषण/परमादेश रिट निवेदन फैसलाको पूर्णपाठ संलग्न छ । सो सम्बन्धमा फैसला कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

..................
जनकराज शर्मा
शाखा अधिकृत

**बोधार्थ:-**
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन ।

# सर्वोच्च अदालत

रामशाहपथ, काठमाण्डौ

अभिलेख शाखा-ख

फोन नं: ०१–४२६२४९०
फ्याक्स नं:०१-४२६२३६२
Email: abhilekh@supremecourt.gov.np

पत्र संख्या-
चलानी नं. ७५८

मुद्दा नं. ०७६-WC-०००२

छि.नं. ८२७३

मितिः२०७६/८/१८

विषयः- फैसलाको प्रतिलिपि पठाएको बारे ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं । (कानून तथा फैसला कार्यान्वयन शाखा)

प्रस्तुत विषयमा निवेदक **अधिवक्ता लोकेन्द्र बहादुर ओली** विपक्षी प्रदेशसभा प्रदेश नं. २ जनकपुरधाम धनुषा समेत भएको उत्प्रेषण/परमादेश समेत रिट निवेदन फैसलाको पूर्णपाठ उपलव्ध गराई दिने बारेको तहाँको च.नं. १२२ मिति २०७६।८।६ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

तत सम्वन्धमा प्रस्तुत मुद्दामा यस अदालतबाट मिति २०७६।७।१ मा भएको फैसलाको प्रमाणित प्रतिलिपि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

..............................
ना.सु. राजकुमार खत्री

..............................
शाखा अधिकृत

सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

**आदेश**

०७६-WC-०००२

विषय : उत्प्रेषण/परमादेश समेत।

प्रदेश नं.-५, दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा.-१३ हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२९, अनामनगर बस्ने अधिवक्ता श्री लोकेन्द्रबहादुर ओली---------------------------------------------१ निवेदक

विरूद्ध

प्रदेशसभा, प्रदेश नम्बर-२, जनकपुरधाम, धनुषा--------------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.-२, जनकपुरधाम, धनुषा---१

प्रदेशसभा, प्रदेश नम्बर-३, हेटौंडा मकवानपुर----------------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.-३, हेटौंडा मकवानपुर----१

प्रदेशसभा, गण्डकी प्रदेश, पोखरा कास्की-------------------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, पोखरा कास्की------१

प्रदेशसभा, प्रदेश नम्बर-५, सचिवालय, बुटवल रुपन्देही-------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.-५, बुटवल रुपन्देही------१

प्रदेशसभा, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत----------------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगरसुर्खेत---१

प्रदेशसभा, सुदुरपश्चिम प्रदेश, धनगढी कैलाली----------------------------१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी कैलाली-१

विपक्षी

नेपालको संविधानको धारा १(१), धारा १३३(१)(२) र (३)बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रमा पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

तथ्य खण्ड

१. संविधानको विपरीत स्थानीय तहका निर्वाचित पदाधिकारी तथा सदस्यहरूले पारिश्रमिक लिने ऐनहरू निर्माण गरी संविधानको गम्भीर उल्लंघन गरेको रअन्य वैकल्पिक उपचारको उपायसमेत नभई सार्वजनिक सरोकारको विषय हुँदा निवेदकलाई हकदैया रहेकोले यो निवेदन लिई उपस्थित भएको छु।

२. सातवटा प्रदेश मध्ये ६ वटा प्रदेश व्यवस्थापिकाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले मासिक पारिश्रमिकसहितको सुविधा पाउने गरी कानून निर्माण गरी पारिश्रमिक र सुविधा लिइरहेका छन्। प्रदेश सभा, प्रदेश नम्बर-१ ले मात्र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले सुविधा लिन पाउने कानून निर्माण गरेको छ। नेपालको संविधानको धारा १०८ मा प्रतिनिधिसभाको सभामुख र उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघीय संसदका सदस्यहरूको लागि पारिश्रमिक र सुविधा संघीय कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था छ। त्यस्तै संविधानको धारा १९६ मा प्रदेश सभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था छ। संविधानले नै पारिश्रमिक र सुविधा लिने भन्ने व्यवस्था प्रष्ट रुपमा गरेकोले संघीय संसदका सदस्यहरू र प्रदेश सभा सदस्यहरू पारिश्रमिक तथा सुविधासम्बन्धी ऐनहरू जारी गरी पारिश्रमिक र सुविधा लिइरहेका छन्। यता संविधानको धारा २२०(८) मा जिल्लासभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ भन्ने र धारा २२७ मा गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ भन्ने हुँदा स्थानीय तहका पदाधिकारी तथा सदस्य (जनप्रतिनिधि) हरूले सुविधा मात्र लिन पाउने संवैधानिक व्यवस्था गरेकोमा सो विपरीतप्रदेश सभाहरूले मासिक पारिश्रमिक/तलब र सुविधा लिन पाउने ऐनहरू लागू गरेर मासिक पारिश्रमिक/तलब तथा सुविधा लिइरहेका छन्। संविधानमा स्थानीय तहका

प्रतिनिधिहरूले मासिक पारिश्रमिक लिन पाउने व्यवस्था नभएकोले प्रदेश व्यवस्थापिकाहरूले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले मासिक रुपमा पारिश्रमिक लिन पाउने कानून र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले मासिक पारिश्रमिक लिने कार्यले संविधानको गम्भीर उल्लंघन गरेको छ।

३. संविधानविपरीत निर्माण हुने कानूनलाई खारेज गर्ने अधिकार संविधानको धारा १३३ ले सम्मानित सर्वोच्च अदालतलाई छ। संविधान मूल कानून भएकाले यस कानूनसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने व्यवस्था संविधानको धारा १(१) मा छ। संविधानको धारा २२०(८), धारा २२७ सँग बाझिने गरी प्रदेश व्यवस्थापिकाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने पारिश्रमिक सम्बन्धी ऐनहरू निर्माण गरी लागू गरेकोले संविधानसँग बाझिने प्रदेश सभा-२ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५", प्रदेश सभा–३ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५", गण्डकी प्रदेश सभाको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७४", प्रदेश सभा-५ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५", कर्णाली प्रदेश सभाको"कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५" र सुदुरपश्चिम प्रदेश सभाको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५"जारी गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले मासिक रुपमा पारिश्रमिक (ज्याला) सुविधा लिएकोले उक्त सबै ऐनहरू प्रारम्भबाटै निष्क्रिय एवं बदर घोषित गरी खारेज गरी पाऊँ।

४. प्रदेश-२ को 'स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५' को अनुसूची १ को (क),(ख) का साथै अनुसूची १ को पूरै, प्रदेश-३ का 'स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५' को अनुसूची १ को (क) (ख) का साथै अनुसूची १ पूरै, गण्डकी प्रदेशको 'स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७४' १ को (क), (ख) र (ग), प्रदेश-५ को 'प्रदेश नं.-५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५'को अनुसूची १ को (क), (ख) र (ग), कर्णाली प्रदेशको

'कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन २०७५'को अनुसूची १ को (क), (ख) र (ग) तथा सुदुरपश्चिम प्रदेशको 'स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन २०७५' को अनुसूची १ को (क), (ख) र (ग) मा गरिएको पारिश्रमिकसम्बन्धी व्यवस्था संविधानको धारा २२०(८) र धारा २२७ विपरीत भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधानको धारा २२०(८) र धारा २२७ मा गरिएको व्यवस्थाबमोजिम सीमित सुविधा लिने गरी ऐन निर्माण गर्नु/गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरी पाऊँ। साथै उक्त असंवैधानिक व्यवस्था यो रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कार्यान्वयन नगर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा तत्काल अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भन्ने निवेदन दाबी।

५. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कानून बमोजिमको आधार र कारण भए सो समेत साथै राखी आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ७ दिनभित्र सम्बन्धित प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीको नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धमा छलफल गर्न मिति २०७६।५।२० गतेका दिन दुवै पक्षलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७६।५।६ को आदेश।

६. नेपालको संविधानको धारा १९७ ले प्रदेश सभाले प्रदेश मातहतमा संविधानको अनुसूची ६,७ र ९ को अधिकारभित्र रही कानून वनाउन पाउने हुन्छ। स्थानीय तहका पदाधिकारीहरूले प्राप्तगर्ने मासिक सुविधा निजहरूको कार्य बोझ, कार्य उत्प्रेरणा, कार्यसम्पादनमा समेत सहजता ल्याउनका लागि गरिएकोले मासिक पारिश्रमिक होइन। यस कर्णाली प्रदेश सभाले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ नेपालको संविधानको धारा २२० को उपधारा (८) र धारा २२७ को अधिनमा रही बनाइएको हो। धारा २२०(८) मा जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले

पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ भन्ने र धारा २२७ मा गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन सदस्यको पदरिक्त हुने अवस्था, गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानूनबमोजिम हुने उल्लेख छ। कर्णाली प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन सुविधाहरूको व्यवस्था गर्नलाई बनेको र पारिश्रमिक भनी कहिँ कतै उल्लेख छैन। कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन२०७५ को दफा १२ ले सम्वन्धित स्थानीय तहको आन्तरिक स्रोत तथा क्षमताका आधारमा स्थानीय परिवेश, स्रोत, साधनले निर्धारण गर्ने हुँदा ऐनमा भएको व्यवस्था आर्थिक सक्षमतासमेतमा निर्भर हुने हो। तसर्थ प्रस्तुत रिट निवेदन खारेजभागी छ,खारेज गरी पाऊँ भन्ने कर्णाली प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको लिखित जवाफ।

७. नेपालको संविधानको धारा २२७ को व्यवस्था अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ को प्रदेश सभाबाट बनेको हो। ऐनमा स्थानीय तहको पदाधिकारीलाई मासिक तलबको व्यवस्था नगरिएको र संविधानको धारा २२७ ले दिएको अधिकार प्रयोग गरी गाउँसभा र नगरसभाको सदस्यले पाउने सुविधा मात्र व्यवस्था गरिएकोलेविपक्षीको रिटनिवेदन खारेजभागी छ। उक्त विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने प्रदेश सभा, प्रदेश नं. २ को लिखित जवाफ।

८. नेपालको संविधानको धारा २२७ को व्यवस्था अनुसार प्रदेश नं. २ को प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश नं. २ को स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को विधेयक प्रदेश सभामा प्रस्तुत गरेकोले प्रदेश सभाबाट उक्त विधेयक पारित गरिएको हो। ऐनमा स्थानीय तहको पदाधिकारीलाई मासिक तलबको व्यवस्था नगरिएको र संविधानको धारा २२७ ले दिएको अधिकार प्रयोग गरी गाउँसभा र नगरसभाको सदस्यले पाउने सुविधा मात्र व्यवस्था गरिएकोले विपक्षीको रिटनिवेदन खारेजभागी छ। विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने आन्तरिक मामिला तथा ...

९. सुविधाभित्र विभिन्न आर्थिक र गैरआर्थिक सुविधा पर्न जाने र प्रदेश सभाबाट पारित भएको "स्थानीय तहका पदाधिकारी तथा सदस्यकोसुविधा सम्बन्धी ऐन, २०७५" लेस्थानीय तहका पदाधिकारी र सदस्यहरूलाई पारिश्रमिक उपलब्ध गराउने कहिँकतै व्यवस्था छैन। निर्वाचित पदाधिकारीहरूले पूर्ण समय सम्बन्धित स्थानीय तहको नीति, योजना, विकास निर्माण तथा जनअपेक्षाका कार्यमा आफ्नो पूरा समय उपलब्ध गराउँदा निजहरूलाई मासिक पारिश्रमिक नै उपलब्ध नगराई सामान्यआर्थिक र केहि गैरआर्थिक सुविधा सम्बन्धित स्थानीय तहको स्रोत व्यवस्थापनबाट उपलब्ध गराउने गरी संविधानले दिएको अधिकारबमोजिम नै प्रदेश सरकारबाट पेस भएको विधेयक सबै प्रक्रिया पूरा गरी प्रदेश सभाबाट पारित भई कानूनीरुप ग्रहण गरेको र कार्यान्वयनमा आएको हुँदा संविधानको उल्लंघन नभएको र संविधानको भावना अनुकूल नै रहे भएकाले रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ को लिखित जवाफ।

१०. नेपालको संविधानको धारा २२० को उपधारा (८) तथा धारा २२७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेशबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ जारी भएको र उक्त ऐनको दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा मासिक सुविधा पाउनेछन् भन्ने व्यवस्था गरी अनुसूची १ बमोजिमको सुविधा पाउनेव्यवस्था गरिएको छ। यसमा स्थानीय तहका पदाधिकारी र सदस्यहरूलाई पारिश्रमिक नभई मासिक रुपमा सुविधा मात्र उपलब्ध हुने व्यवस्था गरिएको हो। गण्डकी प्रदेश सभाबाट संवैधानिक व्यवस्थाको अधिनमा रही पारित गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ खारेज गरी पाऊँ भनी बिना आधार र कारण यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, पोखराको लिखित जवाफ।

११. विधेयकमिति२०७५।२।२२ गते प्रदेश सभाबाट पारित भई मिति २०७५।२।२३गते प्रदेशसभाका सभामुखबाट प्रमाणित भई मिति

२०७५।३।२गते प्रदेश प्रमुखबाट प्रमाणिकरण भएको थियो। "सुविधा" भन्ने शब्दको सिमा कति हुने भन्ने कुरा संविधानले प्रष्ट गरेको छैन। "सुविधा" भित्र के कति सेवा सुविधा पर्ने भन्ने कुरा कुनै कानूनले परिभाषा नगरेको र संघीय सरकारले पनि सिमा किटान गरी नदिएकोले प्रदेश सभाले संविधानबमोजिम कानूनी व्यवस्था गरेको हो। नेपालको संविधानको धारा ५७, १७५, १९७, २३१, २३२, २७४, २९६ र अनुसूची ६ बमोजिम प्रदेश सभा पूर्णरुपले सार्वभौमसत्ता सम्पन्न प्रदेश हो। नेपालको संविधानको धारा २२०(८) र २२७ ले दिएको अधिकार प्रयोग गरी जिल्ला सभा,स्थानीय गाउँ र नगर सभाका सदस्यहरूको सेवासम्बन्धी ऐन पारित भए गरेको हो। जनप्रतिनिधिहरूले जनताको भावना बुझी जनभावना अनुकूल पारित गरिएको ऐन संविधान विपरीत छैन। अर्थ मन्त्रालयको च.नं. ०७४।०७५।२४६ को मिति २०७४।६।८ गतेको रायसहितको पत्रसमेतलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश व्यवस्थापिकामा स्थानीय तहको पदाधिकारी सम्बन्धी विधेयक पेस गरी विधेयक पारित हुन गएकोले संघीय सरकारलाई विपक्षी नबनाएको रिट खारेजभागी छ। सार्वजनिक सरोकारको विषय भनी जिकिर लिएकोमा केकसरी सार्वजनिक सरोकारको विषय हो पुष्टि भएको छैन। संविधानको धारा २२०(८) र २२७ बमोजिम नै उक्त विधेयक प्रदेश सभाबाट पारित भएकोले आधार, कारण र प्रमाण बिनाको रिट निवेदन आफैंमा गैर संवैधानिक हुँदा खारेज गरी पाऊँ भन्ने आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदुरपश्चिम प्रदेश धनगढी कैलालीको लिखित जवाफ।

१२. यसमा संघीय सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको रांय बमोजिम प्रदेश सरकारले विधेयक पारित गरेकोमा उक्त मन्त्रालयलाई विपक्षी बनाएको छैन। नेपालको संविधानको धारा ५७, १७५, १९७, २३१, २३२, २७४, २९६ र अनुसूची ६ बमोजिम प्रदेश सभा पूर्ण रुपले सार्वभौमसत्ता सम्पन्न प्रदेशले नेपालको संविधानको धारा २२०(८) र २२७ ले दिएको अधिकार प्रयोग गरी जिल्ला सभा, स्थानीय गाउँ र नगर सभाका सदस्यहरूको सेवासम्बन्धी ऐन पारित गरेको हो। जनप्रतिनिधिहरूले जनताको भावना बुझी जनभावना अनुकूल पारित गरिएको ऐन संविधान विपरीत छैन। संवैधानिक रूपमा संविधानले तोकेको सिमाभित्र रही तथा जनचाहना अनुरुप

जनताको भावनालाई ध्यान दिई प्रदेशबाट उक्त ऐन पारित भएकोले सम्मानित अदालतबाट न्यायिक एवं संवैधानिक प्रश्न उठाई अदालतबाट निरुपण गरिने विषयवस्तु होइन। संविधानको धारा २२०(८) र २२७ मा सुविधा लिन पाउँने हुँदा प्रदेश सभाबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा लिन पाउने गरी पारित भएको ऐन संविधान र कानूनसम्मत हुँदा प्रस्तुत रिट खारेज गरी पाऊँ भन्नेसुदुरपश्चिम प्रदेश सभा,धनगढी कैलालीको लिखित जवाफ।

१३. संविधानले प्रदान गरेको अधिकारको प्रयोग गरी प्रदेश नं. ५ प्रदेश सभाले प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको हो। यस प्रदेश सभाले जारी गरेको उक्त ऐनको दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक सुविधा पाउने व्यवस्था गरेको छ। ऐनको अनुसूची -१ मा उल्लिखित सुविधा मासिक पारिश्रमिक नभई केवल मासिक सुविधा मात्र हो। रिट निवेदनमा पारिश्रमिक मात्र मासिक रूपमा लिन पाउने तर सुविधा मासिक रूपमा लिन नपाइने भन्ने तर्क कानूनसम्मत छैन। प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय आर्थिक स्रोत साधनलाई समेत मध्यनजर गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूलाई मासिक सुविधा दिने गरी ऐन जारी गरेको हो। उक्त ऐनको कुनै पनि दफा र अनुसूचीमा स्थानीय तहका पदाधिकारीहरूले मासिक रूपमा तलब प्राप्त गर्नेछन् भन्ने व्यवस्था कहिँ कतै छैन। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूलाई मासिक सुविधा प्रदान गर्न आवश्यकता महसुस गरी प्रदेशबाट निर्माण भएको उक्त ऐनमा मासिक पारिश्रमिक तथा तलब भन्ने व्यवस्था नभई मासिक सुविधा भन्ने स्पष्ट व्यवस्था भएकोले नेपालको संविधानको धारा २२०(८) र धारा २२७ अनुसार नै निर्माण भएकोले प्रदेश कानून संविधानसँग बाझिएको भन्ने जिकिर निराधार हो। नेपालको संविधान अनुकूल बनेको प्रदेश कानूनको व्यवस्था उत्प्रेषणको आदेशले बदर भई परमादेशको आदेश समेत जारी हुनुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरी पाऊँ भन्ने प्रदेश सभा, प्रदेश नं. ५ बुटवलको लिखित जवाफ।

१४. प्रदेश नं. ५ को प्रदेश सभाले निर्माण गरेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५"नेपालको संविधानको धारा २२०(८) र धारा २२७ ले दिएको अधिकार प्रयोग गरी बनाएको हो। यस प्रदेशबाट निर्माण भएको उक्त कानूनमा पारिश्रमिक नभनी सुविधा मात्र उल्लेख छ। पारिश्रमिक मात्र मासिक रुपमा लिन पाउने, सुविधा मासिक रुपमा लिन नपाउने भन्ने तर्क कानूनसंगत एवम् वस्तुनिष्ठ तथ्यमा आधारित छैन।प्रदेश सरकारले कानूनको आवश्यकता र औचित्यता महसुस गरी प्रदेशभित्रकास्थानीय तहहरूको आर्थिक स्रोतसमेतलाई मध्यनजर गरी सुविधा लिन पाउने कानूनी व्यवस्था सहित प्रदेश नं. ५ को प्रदेश सभाले निर्माण गरेको र अनुसूची-१ मा कस्ता पदाधिकारीले कस्तो सुविधा प्राप्त गर्न सक्छन् भन्ने आधार तोकिएकोछ। मासिक तलब दिने भन्ने कुरा निर्मित ऐनको कुनै दफामा उल्लेख छैन। यस कारण यस प्रदेशवाट निर्माण भएको उक्त कानून मासिक पारिश्रमिकसम्बन्धी नभई मासिक सुविधा सम्बन्धी भएकोले यस प्रदेशवाट निर्माण भएका कानून वर्तमान संविधानको धारा २२०(८) र धारा २२७ अनुकूल नै रहेकोले उक्त ऐन उत्प्रेषणका आदेशले बदर हुनु पर्ने होइन,रिट निवेदन खारेज गरी पाऊँ भन्ने आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५ बुटवलको लिखित जवाफ।

१५. नेपालको संविधानको धारा २२०(८) मा जिल्ला सभाको सञ्चालन,जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ। त्यसैगरी संविधानको धारा २२७ मा गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेकोले प्रदेश व्यवस्थापिका अन्तर्गत संविधानको धारा १७६ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको हुँदा यस प्रदेश सभालाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेजभागी भएकोले खारेज गरी पाऊँ भन्ने प्रदेश सभा प्रदेश नं. ३ प्रदेश सभाको लिखित जवाफ।

१६. नेपालको संविधानको धारा २२० को उपधारा (८) तथा धारा २२७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेशबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यको

सुविधा सम्बन्धी ऐन, २०७४ जारी भएको र उक्त ऐनको दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतका आधारमा मासिक सुविधा पाउनेछन् भन्ने व्यवस्था गरी अनुसूची १ बमोजिमको सुविधा पाउने व्यवस्था गरिएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने प्रदेश सभा, गण्डकी प्रदेश, पोखराको लिखित जवाफ।

१७. निवेदकले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन खारेजी माग गरेकोमा स्थानीय तहका पदाधिकारीहरूले प्राप्त गर्नेउक्त मासिक सुविधा रहेकोले मासिक पारिश्रमिक होइन। यस कर्णाली प्रदेश सभाले कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ नेपालको संविधानको धारा २२० को उपधारा (८) र धारा २२७ को अधिनमा रही बनाइएको हो। धारा २२०(८), र धारा २२७ सुविधा प्रदेश कानूनबमोजिम हुने उल्लेख भएकोले संविधानको अधिनमा नै प्रदेशले उक्त ऐन बनाएकाले संविधानसँग नबाँझिएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ। उक्त ऐनसुविधाहरूको व्यवस्था गर्न बनेको र पारिश्रमिक भनी कहिँ कतै उल्लेखसमेत गरेको छैन। स्थानीय तहका पदाधिकारीहरूले नियमित रुपमा सार्वजनिक कार्य गर्नुपर्ने, गाउँ/नगर तथा वडाका पदाधिकारी तथा सदस्यहरू कार्यालयमा खटिइ कार्य गर्नुपर्ने अवस्थामा निजहरूलाई कार्य सहजताका लागि सुविधा दिएको र कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन२०७५ को दफा १२ ले सम्वन्धित स्थानीय तहको आन्तरिक स्रोत तथा क्षमताका आधारमा स्थानीय परिवेश, स्रोत, साधनले निर्धारण गर्ने हुँदा ऐनमा भएको व्यवस्था आर्थिक सक्षमता समेतमा निर्भर हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने कर्णाली प्रदेश सभाको लिखित जवाफ।

## आदेश खण्ड

१८. नियम बमोजिम दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदन सहितको मिसिल कागजात अध्ययन गरियो।

१९. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री गोपालकृष्ण घिमिरे, श्री चन्द्रकान्त ज्ञवाली, श्री शेरबहादुर के.सी., गोविन्द गौतम र अधिवक्ताहरु श्री

पंकजकुमार कूर्ण, श्री ओमप्रकाश अर्याल, श्री सुदीप पौडेल, श्री ज्ञानेन्द्रराज आरण,डा. श्री शिवकुमार यादव,श्री वीरेन्द्र गौतम, श्री सन्तोष भण्डारी, श्री रामचन्द्र गौतम, श्री लोकेन्द्रबहादुर ओली, श्री राधा जि.सि., श्री लक्ष्मी थापाले विपक्षी प्रदेश सभाहरुबाट जारी भै लागू भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनको अनुसूची १ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको लागि विभिन्न दरमा "मासिक सुविधा" लिन पाउने गरी व्यवस्था गरिएको कार्य प्रथमदृष्टिमा नै संविधान विपरीत छ। सुदुरपश्चिम प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ र ९ मा पदाधिकारीलाईमासिक पारिश्रमिक सुविधा निजहरुको बैंक खाता मार्फत भुक्तानी गर्ने भन्ने रहेको छ। त्यस्तै ३ नं. प्रदेश,५ नं. प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐनको दफा ३ र सो संग सम्बन्धित  अनुसूची १ मा विभिन्न पदाधिकारी तथा सदस्यले मासिक सुविधापाउने भनी पदाधिकारी तथा सदस्यहरुको पाउने मासिक रकम पनि तोकिएकोले यस्तो प्रकृतिको भुक्तानी पारिश्रमिक/तलव नै हो। प्रदेश २ र प्रदेश ५ को स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ कोदफा १० मा पदाधिकारी र सभाका सदस्यले पाउने पारिश्रमिक निजहरुको बैंक खाता खोली भुक्तानी गर्ने भन्ने रहेकोले विपक्षीको ऐनबाटै पारिश्रमिक लिने व्यवस्था ऐनले गरेको भन्ने प्रष्टै छ। एकातर्फ प्रदेशहरुले बनाएको ऐनमा नै पारिश्रमिक भन्ने शव्दहरु पनि उल्लेख भएको रअर्कोतर्फ मासिक सुविधा मात्र उल्लेख भएकोमा पनि त्यो सुविधा कुन शीर्षकको लागि भुक्तानी भएको प्रष्ट छैन। सुविधा वापत अन्य सुविधा छुट्टै शीर्षकमा भुक्तानी हुने अवस्था रहेकोले ऐनमा उल्लेखित उक्त मासिक सुविधा भनी तोकिएको रकम पारिश्रमिक वा तलव वापत वाहेक अन्य शीर्षकको सुविधा मात्र मिल्दैन।

नेपालको संविधानको धारा २२०(८) र धारा २२७ ले स्थानीय प्रतिनिधिलाई सुविधा दिने सम्मको व्यवस्था गरेको छ। संविधानको धारा १०८ र १९६ लेसंघ प्रदेशका प्रतिनिधि समेतले पारिश्रमिक र सुविधा दुबै पाउने व्यवस्था भए पनि स्थानीय तहका प्रतिनिधीलाई सुविधा सम्म पाउने व्यवस्था छ। उक्त संवैधानिक व्यवस्था एवं भावना विपरीत मासिक पारिश्रमिक (मासिक सुविधा नाम)

गरी प्रदेशले बनाएको कानून संविधानसंग बाँझिएकोले उक्त कानूनी व्यवस्थाले संविधानको गम्भीर उल्लंधन गरेको छ। संविधानको स्थानीय प्रतिनिधीहरुलाई सुविधा मात्र उपलव्ध गराउने व्यवस्था राज्यको आर्थिक, सामाजिक, भौगोलिक अवस्था समेतलाई विचार गरेर बनाएको हो। संविधानको धारा ३०६(छ) ले पारिश्रमिकको परिभाषा गरेको हो, सुविधाको परिभाषा गरेको होइन। आर्थिक सामाजिक अवस्था समेतलाई विचार गरेर बनाईएको संवैधानिक व्यवस्था विपरित पारिश्रमिक/मासिक सुविधा दिने हो भने एकातर्फ संविधानको गम्भीर उल्लंधन हुन जाने र अर्कोतर्फ स्थानीय तहका पदाधिकारी र सदस्यले लिने ठूलो मात्राको आर्थिक भार राज्यले व्यहोर्नु पर्ने हुन्छ। यसैलेविपक्षी प्रदेश सभाहरुले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पारिश्रमिक/मासिक सुविधा लिन पाउने गरी दफा ३ र सो संग सम्बन्धित अनुसूची १ समेतको व्यवस्था नेपालको संविधानको धारा २२०(८), २२७ समेतको विपरित हुँदा संविधानसंग बाँझिएकोले उक्त कानूनी व्यवस्थाहरु उत्प्रेषणको आदेशद्वारा प्रारम्भ देखि नै वदर गरी संविधानको धारा २२०(८) र २२७ बमोजिम सीमित सुविधा लिने गरी ऐन निर्माण गर्नु गराउनु भनी परमादेश जारी गरी पाउँ भनीगर्नु भएको वहस सुनियो।

२०. विपक्षी प्रदेश सभा प्रदेश नं. ५ समेतको तर्फबाट उपस्थित विद्वान मुख्य न्यायाधिवक्ता श्री ठाकुर डि.सि., विपक्षी प्रदेश सभा प्रदेश नं. ३ समेतको तर्फबाट उपस्थित विद्वान मुख्य न्यायाधिवक्ता श्री ओमप्रकाश थपलिया, विपक्षी प्रदेश सभा गण्डकी प्रदेशसमेतको तर्फबाट विद्वान मुख्य न्यायाधिवक्ता श्री राजेन्द्र घिमिरे, विपक्षी प्रदेश सभा सुदुरपश्चिम प्रदेशसमेतको तर्फबाट विद्वान मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय र विद्वान अधिवक्ता श्री कृष्णप्रसाद पोखरेल समेतले स्थानीय पदाधिकारी तथा सदस्यहरु दैनिक काममा खटिनु पर्ने अवस्था छ। राजनैतिक व्यक्ति निर्वाचित/मनोनित भएपछि पदाधिकारी हुने भएकोले समाज सेवा मात्र होइन। ऐनमा उल्लेख भएका शीर्षक खुलेका सुविधाले पदाधिकारीले प्राप्त गर्न सक्ने प्रकृतिका सबै सुविधालाई समेटेको छैन। सुविधा मासिक, पाक्षिक वा वार्षिक गरी के कसरी दिने भन्ने पनि छैन। शीर्षक खुले वाहेकका अन्य सुविधाहरुलाई समग्रतामा एकमुष्ट मासिक सुविधा उपलब्ध गराईएको हो। पदाधिकारीलाई काम

गरे वापतमा तलव भनी कुनै पारिश्रमिक उपलव्ध गराईएको छैन। स्थानीय तहले गर्नु पर्ने विभिन्न कार्यहरु स्थानीय तहका पदाधिकारी तथा सदस्यहरु खटिनु पर्ने अवस्था छ। त्यसैले प्रदेश कानून बमोजिम मासिक सुविधा दिन उचित हुन्छ। संविधानको धारा ३०६ मा पारिश्रमिक भन्नाले तलव, भत्ता र सुविधा समेतलाई सम्झनु पर्छ भनि संविधानमा नै परिभाषा गरिएकोले पारिश्रमिक र सुविधामा त्यस्तो कठोर भिन्नता पनि होइन। सुविंधा दिदा पनि अनुसूचीमा तोकिएको दरमा नबढ्ने गरी पदाधिकारी तथा सदस्यलाई मासिक सुविधा दिने भन्ने विभिन्न प्रदेशले जारी गरेको उल्लेखित ऐनको कानूनी कानूनी व्यवस्थामा रहेबाट ऐनमा रहेको मासिक सुविधा स्थानीय तहको आर्थिक अवस्था समेतलाई बिचार गरेर दिन सकिने हुँदा आर्थिक पक्ष समेतलाई हेरिएकोले विकासमा अवरोध हुने वा राजनैतिक प्रणाली प्रति नै वितृष्णा आउने अवस्था छैन। सुविधा उपलव्ध गराउन नेपालको संविधानको धारा २२०(८) र २२७ ले रोक नलगाएकोले प्रदेशहरुले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन संविधानसंग नबाँझिएकोले निवेदकको निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको वहस सुनियो।

२१. अब निवेदकको माग बमोजिम आदेश जारी हुने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

२२. यसमा निर्णयतर्फ विचार गर्दा प्रदेश नं.१ बाहेकका विपक्षी प्रदेश सभाहरुले जारी गरेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन"को अनुसुची १ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले मासिक सुविधा लिन पाउने गरी विभिन्न मासिक रकम तोकेकोले उक्त मासिक पारिश्रमिक/तलव लिने गरी बनाएको कानून नेपालको संविधानको धारा २२०(८), २२७ समेतको विपरित छ। प्रदेश सभाले बनाएको कानूनको उक्त व्यवस्थाबाट नेपालको संवैधानिक व्यवस्थाको गम्भीर उल्लंघन गरी संविधान संग बाँझिएकोलेविपक्षीहरुले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनहरु उत्प्रेषणको आदेशद्वारा प्रारम्भिक चरणबाटै वदर गरी संविधानको धारा २२०(८) र २२७ बमोजिम सीमित सुविधा लिने गरी ऐन निर्माण गर्नु गराउनु भनी परमादेश जारी गरी पाउँ भन्ने निवेदन दावी देखियो। प्रदेश नं. ३ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५", प्रदेश नं. २ को "स्थानीय तहका

पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५"; "प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५"; गण्डकी प्रदेशको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४"; "कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५"; सुदुरपश्चिम प्रदेशको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५" (यस पश्चात "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन" भनिएको )सम्बन्धित प्रदेशबाट पारित भै लागू गरिएकोमा उक्त ऐनको व्यवस्थाबमोजिम सम्वन्धित पदाधिकारी तथा सदस्यलाई तोकिएको मासिक सुविधा भुक्तानी गर्ने गरेकोमा विवाद देखिएन।

२३. नेपालको संविधानको धारा २२०(८) मा "**जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ**" भन्ने र त्यस्तै नेपालको संविधानको धारा २२७ मा "**गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ**" भन्ने संवैधानिक व्यवस्था रहेको छ। उक्त संवैधानिक व्यवस्था अनुसार स्थानीय जनप्रतिनिधिहरुले पाउने सुविधा प्रदेश कानूनबमोजिम हुने देखियो।

२४. प्रदेश नं. ३ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यले अनुसूची १ मा उल्लेख भएबमोजिमको रकम मासिक सुविधा बापत पाउनेछ भन्ने र सोही ऐनको अनुसूची १ मा "**मासिक सुविधा**" दिने व्यवस्था गरी विभिन्न पदाधिकारी तथा सभाका सदस्यलाई मासिक सुविधाको रकमसमेत तोकिएको पाइन्छ। यसै बमोजिमको व्यवस्था प्रदेश नं. ५, गण्डकी प्रदेश र कर्णाली प्रदेशले जारी गरेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन"को दफा ३ र सो संग सम्बन्धित अनुसूची १ मा गरिएको पाइन्छ। प्रदेश नं २ ले जारी गरेको "स्थानीय निकायका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" को दफा ३ मा पदाधिकारी तथा सदस्यले अनुसूची १ बमोजिमको "**सुविधा र भत्ता**" पाउने

उल्लेख गरिएकोमा सो संग सम्बन्धित अनुसूची १ मा पदाधिकारी तथा सदस्यले पाउने "मासिक सुविधा" रकम तोकिएको पाइयो। सुदुरपश्चिम प्रदेशको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५" को दफा ३ मा पदाधिकारीले अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोतसमेतको आधारमा मासिक पारिश्रमिक सुविधा पाउनेछन् भन्ने उल्लेख भएको देखियो। यसका अतिरिक्त प्रदेश नं.२ र प्रदेश नं. ५ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन" को दफा १० मा पारिश्रमिक बैंक खाता खोली भुक्तानी गर्ने कुरा उल्लेख भएको पाइयो। उल्लेखित प्रदेश २ र प्रदेश ५ को स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा १० मा पदाधिकारी र सभाका सदस्यले पाउने पारिश्रमिक निजहरुको बैंक खाता खोली भुक्तानी गर्ने भन्ने बेहोरासमेतबाट स्थानीय पदाधिकारी तथा सदस्यलाई पारिश्रमिक होइन सुविधा मात्रको व्यवस्था गर्न बनेको ऐन हो भन्ने विपक्षीको लिखित जवाफ खण्डित भैरहेको छ।

२५. यस प्रकार प्रदेशहरुले जारी गरेको उक्त कानूनको दफा ३, १० र अनुसूची १ मा मासिक सुविधा र मासिक पारिश्रमिक दुबै शव्दको प्रयोग गर्ने गरिएकोमा उक्त दफाको वाक्यांशको अन्यभाषा र कानूनी ब्यवस्था (Rule)एकै र उस्तै प्रकारको रहेको पाइन्छ।साथै उल्लेखित प्रदेश कानूनमा "मासिक सुविधा" को परिभाषा नगरिएको र उक्त ऐनको दफा ३ समेतमा पनि "मासिक सुविधा" को स्पष्टिकरण वा कोष्ठक (Bracket) दिई कुनै सीमित शीर्षक (Specified heading) वा प्रयोजनमा भुक्तानी हुने बेहोरा खुल्दैन।

२६. नेपाल प्रज्ञा प्रतिष्ठान नेपाली बृहद शव्दकोश (दशौं संस्करण २०७५) मा सुविधाको अर्थ "कुनै पनि काम सजिलै संग गर्न सकिने अवस्था, सजिलोपना" उल्लेख भएको पाईन्छ।"सुविधा" कार्यालयमा हाजिर भै पदाधिकारी वा सदस्यलाई तोकिएको वा नतोकिएको सामान्य कार्य (General Service) गरे वापत तलव स्वरुपको भुक्तानी होइन।सार्वजनिक खर्चमा "सुविधा" दिनुको अर्थ कसैलाई जिम्मेवारी तोकिएको कार्य सहजता वा कार्य सजिलैसंग होस् भन्ने उद्देश्यले विशेष अवस्था वा शर्तमा तोकिएको पदाधिकारीलाई मात्र त्यस्तो सुविधा प्रदान वा भुक्तानी गरिने हुँदा मौद्रिक वा गैरमौद्रिक दुबै प्रकृतिको हुन्छ। विपक्षी प्रदेशहरुले जारी गरेको "स्थानीय तहका

पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन” मा पदाधिकारी तथा सदस्यलाई विशेष अवस्था वा विशेष कार्य वापतमा उल्लेखित ऐनहरुको विभिन्न दफाहरुमा शीर्षक वा प्रयोजन खुलेका बैठक भत्ता, यातायात सुविधा, पत्रपत्रिका र संचार सुविधा, दैनिक भ्रमण भत्ता, दृष्टिविहिन वा अशक्तले पाउने सुविधा जस्ता विभिन्न सुविधा/भत्ताहरु दिने गरी सुविधातर्फ छुट्टै कानूनी व्यवस्था गरेको पाइन्छ। नेपाल प्रज्ञा प्रतिष्ठान नेपाली बृहद शब्दकोश (दशौं संस्करण २०७५) मा “कुनै पनि कर्मचारीले सेवा गरे वापत सेवाको सर्तअनुसार निज रहेको पदमा प्रचलित वेतन वृद्धिक्रम अनुसार पाउने रकम वा सुविधा” भनितलवको अर्थ गरिएकोछ। एकातर्फ उक्त ऐनमा पदाधिकारी तथा सदस्यलाई तोकिएको “मासिक सुविधा” प्रदान गरिने भनिएकोमा कुन शीर्षक वा प्रयोजनका लागि उक्त रकम प्रदान गरिएको भन्ने उल्लेख नगरिएको र अर्कोतर्फ कार्यालयमा काम गरे वापतको सामान्य तवरको मासिक सुविधा/पारिश्रमिक कुन अर्थमा पारिश्रमिक (तलव) भन्दा भिन्न रहेको हो सो को वस्तुनिष्ठ आधार खुल्दैन। संगठनको उदेश्य पुरा गर्न निश्चित वा अनिश्चित जुनसुकै काम गरे वापत मासिक रुपमा कुनै दरमा एकमुष्ट रकम तलवी भरपाई (Payroll Account) को रेकर्ड मार्फत भुक्तानी गरिन्छ भने त्यस्तो निश्चित तवरबाट प्राप्त वा भुक्तानी हुने तलव प्रकृतिको रकमलाई पारिश्रमिकको परिभाषामा पर्ने देखिन आएकोले त्यस्तो रकमलाई भाषागत रुपमा विपक्षी प्रदेशहरुले बनाएको ऐनमा “मासिक सुविधा” भनिएकै आधारमा सुविधा मान्न सकिएन। सुविधा कार्यालयमा हाजिर भै पदाधिकारीलाई तोकिएको वा संगठनको उद्देश्य पुरा गर्न काम गरे वापत तलव जस्तै गरी स्वतः प्राप्त नहुने बरु त्यस्तो सुविधा विशेष अवस्था र शर्तमा मात्र उपलव्ध गरिने हुँदा स्पष्ट शीर्षक वा प्रयोजन खोल्नु जरुरी हुन्छ। यसैले सुविधा भित्र विभिन्न आर्थिक र गैरआर्थिक सुविधा पर्न सक्ने भए पनि सुविधा र पारिश्रमिक/तलवलाई एकै अर्थमा बुझ्न मिलेन।

२७. नेपालको संविधानको धारा १०८ मा “**प्रतिनिधि सभाको सभामुख र उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष, समितिका सभापति तथा संघिय संसदका सदस्यहरुको पारिश्रमिक र सुविधा संघिय कानूनबमोजिम हुनेछ**” भन्नेछ। त्यस्तै नेपालको संविधानको धारा १९६ मा “**प्रदेश सभाको सभामुख, उपसभामुख तथा** [illegible]” भन्ने पाइन्छ।

संविधानको धारा १०८ र १९८ समेतमा **“पारिश्रमिक र सुविधा”** दुबै
शव्दावलीहरुको प्रयोग गरिएकोमा संविधानको धारा २२०(८) र २२७ मा
**“सुविधा”**भन्ने मात्र शव्द प्रयोग गरी **“पारिश्रमिक”**भन्ने शव्दावली नै नराखिएबाट
संविधान निर्माणकर्ताले स्थानीय जनप्रतिनिधी वा स्थानीय तहका पदाधिकारी तथा
सदस्यलाई पारिश्रमिक प्रदान नगर्ने मनसाय राखेको स्पष्ट हुन्छ। जिल्ला समन्वय
समितिका सदस्य, गाउँ सभाका सदस्य र नगर सभाका सदस्य (स्थानीय
जनप्रतिनिधी)ले **“सुविधा”** पाउने व्यवस्था नेपालको संविधानको धारा २२०(८) र
२२७ ले गरेकोले प्रदेश ऐन जारी गरी स्थानीय तहका पदाधिकारी तथा
सदस्यहरुलाई पारिश्रमिक वा तलव दिन मिल्ने देखिदैन भने सो वाहेक पदाधिकारी
तथा सदस्यले निर्वाह गर्नु पर्ने भूमिकालाई ध्यानमा राखी विभिन्न शीर्षकमा प्रदेश
कानूनबमोजिम सुविधा दिन भने संविधानले रोक लगाएको देखिएन।

२८. माथि विवेचित आधारमा ऐनको विभिन्न दफामा विभिन्न शीर्षक वा प्रयोजन अन्तर्गत
सुविधा उपलव्ध गर्ने कुरा गरिएकोले सो बाहेकको जुनसुकै प्रकारको सुविधा
उपलव्ध गराउँदा निश्चित शीर्षक वा प्रयोजन प्रष्ट हुनु पर्ने हुन्छ। ऐनको दफा ३ र
सो अन्तर्गतको अनुसुची १ मा “मासिक सुविधा” भनी उच्च राशीको रकम भुक्तानी
गर्ने कानूनी व्यवस्था गर्दा सुविधाको निश्चित शीर्षक वा प्रयोजन नखुलेको र तलव
प्रकृतिको भुक्तानीलाई सुविधाकै अर्थमा बुझ्न सकिने कुनै आंधार देखिएन।
अर्कोतर्फ निश्चित कुनै सुविधाको शीर्षक र प्रयोजन नखुले पछि ऐनमा गरिएको
“मासिक सुविधा”सम्बन्धि व्यवस्थाले ऐनमा उल्लेख नगरिएको कुनै प्रकृतिको
अनुमानित सुविधाको शीर्षक होला भनी सुविधालाई विस्तृत अर्थ गर्न समेत मिल्दैंन।
नेपालको संविधानको धारा ३०६(१)(छ) मा “पारिश्रमिक” भन्नाले तलव, भत्ता र
अन्य कुनै किसिमको पारिश्रमिक तथा सुविधासमेत सम्झनु पर्छ भनी पारिश्रमिकको
परिभाषा गरेकोले पारिश्रमिक भन्नाले तलव, भत्ता र सुविधालाई सम्झनु पर्ने भए पनि
विवेचित आधारमा सुविधा भन्नाले पारिश्रमिक वा तलवको समनार्थी शव्द मान्न मिल्ने
देखिदैंन। मुलतः ऐनबमोजिम उपलव्ध गराइने सुविधा सामान्यतः कुनै विशिष्ठ
पदाधिकारी वा सदस्य वा कर्मचारीलाई निश्चित आधार, विशेष अवस्था वा शर्तमा
दिने गरिन्छ। यसैले सुविधाको परिभाषा गर्दा सीमित अर्थमा गर्नु पर्ने हुन्छ। यसरी
सुविधा विशेष प्रकृतिको हुने र सीमित अर्थमा बुझ्नु पर्ने हुँदा नियमित रुपमा भुक्तानी

हुने सामान्य प्रकृतिको भुक्तानीलाई पारिश्रमिक स्वरुपको तलब मान्नु पर्ने हुदा भाषागत तथा व्यक्त रुपमा (Expressly) ऐनमा मासिक सुविधा लेखिए पनि अव्यक्त (Impliedly) रुपमा पारिश्रमिक (तलव) उपलव्ध गराउने कार्यले संविधानको धारा २२०(८) र २२७ अनुरुप नभएकोले उक्त कार्य वैध र उचित मान्न मिलेन।

२९. स्थानीय तहका पदाधिकारी तथा सदस्यले पारिश्रमिक लिन पाउने संवैधानिक व्यवस्था नरहेबाट जुन कुरा प्रत्यक्ष तवरले लिन सकिदैन उक्त कुरा अप्रत्यक्ष वा भाषागत रुपमा घुमाउरो तवरले समेत गर्न वा लिन हुदैंन। यसैले विपक्षी प्रदेशहरुले जारी गरेको उल्लेखित ऐनमा गरिएको दफा ३ को मासिक सुविधा र अनुसूची १ मा तोकिएको मासिक सुविधाको रकम सम्बन्धी व्यवस्था पारिश्रमिक स्वरुपको तलव प्रकृतिको देखिन आएकोले अप्रत्यक्ष तवरले पारिश्रमिक लिने कार्य संविधान प्रतिको जालसाजी (Fraud on Constitution) हुने हुँदा विपक्षी प्रदेशहरुले जारी गरेको ऐनबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई मासिक सुविधा दिने भनी पारिश्रमिक दिने कार्यले संविधानको भाषा र भावना विपरित हुने देखियो। अतः संविधानको धारा १ बमोजिम संविधान मूल कानून भै संविधानसंग बाँझिने कानून बाँझिएको हदसम्म अमान्य हुने हुँदा संविधान विपरितको कानूनी व्यवस्थाले वैधता प्राप्त गर्न सक्ने देखिएन।

३०. विपक्षी प्रदेशहरुले जारी गरेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन"को दफा ३ मा पदाधिकारी र सदस्यलाई उपलव्ध गराउने "मासिक सुविधा" सम्बन्धी सम्पूर्ण कानूनी व्यवस्था र सोसँग सम्बन्धित अनुसूची १मा उल्लेखित मासिक सुविधा तथा सोहीबमोजिम विभिन्न पदाधिकारी तथा सदस्यहरुलाई तोकिएको रकमसमेतको सम्पूर्ण कानूनी व्यवस्था एवं प्रदेश नं २ र प्रदेश नं ५ ले जारी गरेको उल्लेखित ऐनको दफा १० मा उल्लेखित पारिश्रमिक भन्ने शव्दहरुसमेत संविधानको धारा २२०(८) र २२७ विपरित देखिदा बाँझिएको हदसम्म कानूनी वैधता प्राप्त गर्न नसक्ने हुँदा आजैका मितिबाट लागू हुने गरी अमान्य घोषित गरी सो हदसम्म वदर हुने ठहर्छ। विपक्षी प्रदेशहरुले जारी गरेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन"कोदफा ३ र सोही बमोजिमको अनुसूची १ मा तोकिएको "मासिक सुविधा" आजैको मितिबाट स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई भुक्तानी नदिनु भनी निवेदन

मागबमोजिम विपक्षीहरुका नाउँमा परमादेश जारी हुने ठहर्छ। सो ठहर्नाले अरुमा देहाय बमोजिम गर्नू।

१. निवेदन मागबमोजिम रिट जारी हुने ठहरेकोले आज मिति २०७६।७।१ देखि स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुलाई "मासिक सुविधा" को भुक्तानी नदिनु भनी सम्बन्धित स्थानीय निकायलाई पत्राचारसमेत गर्ने गरी यो आदेश कार्यान्वयनको लागि आदेशको जानकारी सम्बन्धित प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिनु।

२. सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम २७(१) मा संवैधानिक इजलासको अन्तिम आदेश वा फैसलाबाट संविधानको धारा १३३ को उपधारा (१) बमोजिम कुनै कानून अमान्य वा बदर घोषित भएमा रजिस्ट्रारले सो आदेश वा फैसलाको प्रतिलिपि समेत राखी कानून तथा न्याय मन्त्रालयमा सोको जानकारी पठाउने भन्ने व्यवस्थानुसार गर्न गराउन यो आदेशको प्रतिलिपि यस अदालतको प्रशासन महाशाखामा दिनू।

३. निवेदन मागबमोजिम आदेश जारी हुने ठहरेकोले सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५(३) बमोजिम निवेदकले राखेको धरौटी रकम फिर्ता पाउने हुँदा र.नं. ४७८३ मिति २०७६।५।१ मा राखेको धरौटी रकम रु.५०००।- निवेदकलाई फिर्ता दिनु भनी यस अदालतको लेखा शाखामा जानकारी दिनू।

४. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

प्रधान न्यायाधीश

उक्त रायमा हामी सहमत छौं।

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर अपरेटरः विशाल खड्गी

इति सम्वत् २०७६कार्तिक महिना १ गते रोज ६ शुभम् ----------------